# सन नेपाल लाइफ इन्स्योरेन्स कं. लि.

कर्पोरेट कार्यालय, सिम्खडा प्लाजा, पुतलीसडक, काठमाडौं, नेपाल
फोन नं. : ०१-४५३६१२६/२७/२८
ईमेल :info@snlic.com, website : www.sunlife.com.np

## सातौं बार्षिक साधारण सभाको काम कारवाहीको विवरण
## माइन्युट

श्री सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको सातौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री अनुज क्यालज्यूको अध्यक्षतामा देहाय बमोजिम बसि सफलताको साथ सम्पन्न भयो ।

१. **सभाको सूचना प्रकाशन :**

यस सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि.को मिति २०८१/०१/१६ गते (तदनुसार अप्रिल २८, २०२४) गते बसेको सञ्चालक समितिको १०४ औ बैठकको निर्णयानुसार सातौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितीको लागि यो सूचना प्रथम पटक मिति २०८१-०१-१७ गते नागरिक राष्ट्रिय दैनिकमा र दोस्रो पटक मिति २०८१-०१-२५ गते पुनः नागरिक राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको थियो । सभामा उपस्थितिको लागि नियमनकारी निकायहरु श्री कम्पनी रजिष्ट्रारको कार्यालय, श्री नेपाल बीमा प्राधिकरण श्री धितोपत्र बोर्ड, श्री नेपाल स्टक एक्स्चेन्ज लिमिटेड, श्री के.पी.आर एसोसियट्स चार्टर्ड एकाउण्टेण्टलाइ पत्र मार्फत आमन्त्रण गरिएको थियो ।

२. **सभाको मिति, समय र स्थान :**

**मिति** : २०८१/०२/०९ गते बुधवार (तदनुसार मे २२, २०२४)
**समय** : बिहान १०.०० बजे
**स्थान** : अमृतभोग केटरर्स प्रा.लि., कालिकास्थान, काठमाडौं

३. **छलफलका विषयहरु :**

**(क) साधारण प्रस्ताव**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आर्थिक बर्ष २०७९/८० को बार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।

सन नेपाल लाइफ इन्स्योरेन्स कं. लि. कर्पोरेट कार्यालय काठमाडौं

(२) लेखापरिक्षकको प्रतिवेदन सहितको आर्थिक बर्ष २०७९/८० (**NFRS** बमोजिम) को वासलात, नाफा नोक्सान हिसाब, इक्विटीमा भएको परिवर्तन तथा नगद प्रवाह विवरण र सो सँग सम्वन्धित अनुसूचिहरु सहितको वित्तिय विवरण छलफल गरी पारित गर्ने सम्वन्धमा ।

(३) यस कम्पनीको सहायक कम्पनी सनलाइफ क्यापिटल लिमिटेडको आर्थिक बर्ष २०७९/०८० को वित्तिय विवरणहरु सहितको एकीकृत वित्तिय विवरण छलफल गरी पारित गर्ने सम्वन्धमा ।

(४) कम्पनीको आर्थिक बर्ष २०७९/८० को वितरणयोग्य मुनाफाबाट हाल कायम रहेको चुक्ता पूँजी रकम रु.३,२०,००,००,०००/- (अक्षरुपी तीन अर्ब बीस करोड) को २३.८० प्रतिशतले हुन आउने रकम रु.७६,१६,००,०००/- (अक्षरुपी छयहत्तर करोड सोह्र लाख मात्र) बराबरको बोनश शेयर जारी गर्ने विशेष प्रस्ताव यसै साधारण सभामा पेश गरिएको हुँदा उक्त (वोनस शेयर तथा नगद लाभाशंमा लाग्ने कर सहित) प्रयोजनार्थ १.२५२६ प्रतिशतले हुन आउने रकम रु.४,००,८४,२१०/- (अक्षरुपी चार करोड चौरासी हजार दुई सय दश मात्र) नगद लाभाँस वितरण गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

(५) सर्वसाधारण शेयरधनी समूहबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्न १ (एक) जना सञ्चालकको निर्वाचन गर्ने सम्बन्धमा ।

(६) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक बर्ष २०८०/८१ को लागि लेखापरिक्षण समितिबाट सिफारिस भई आए बमोजिम बाह्य लेखापरिक्षकको नियुक्ती गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

**(ख) <u>विशेष प्रस्तावः</u>**

(१) आर्थिक बर्ष २०७९/८० सम्मको वितरणयोग्य मुनाफाबाट यस कम्पनीको चुक्ता पूँजी रकम रु.३,२०,००,००,०००/-(अक्षरुपी तीन अर्ब बीस करोड) को २३.८० प्रतिशतले हुन आउने रकम रु.७६,१६,००,०००/- (अक्षरुपी छयहत्तर करोड सोह्र लाख मात्र) बराबरको बोनश शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने सम्वन्धमा ।

(२) प्रस्ताव नम्बर १ बमोजिम बोनस शेयर जारी गर्दा चुक्ता पूँजी रु.३,९६,१६,००,०००।- (अक्षरुपी. तीन अर्ब छयानब्बे करोड सोह्र लाख मात्र) कायम हुने र नपुग पूँजी कायम गर्न उक्त पूँजीको २७ प्रतिशत अर्थात (१:०.२७) को अनुपातमा हकप्रद शेयर जारी गर्ने सम्वन्धमा ।

(३) उल्लेखित वोनस शेयर वितरण र हकप्रद शेयर निश्कासन पश्चात अधिकृत, जारी तथा चुक्ता पूँजी बृद्धि गर्न स्वीकृती गर्ने सम्वन्धमा ।

(४) कम्पनीको प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन गर्ने तथा नियमनकारी निकायबाट प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन तथा प्राप्त हुने निर्देशन कार्यान्वयन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने सम्वन्धमा ।

**(ग) बिबिध (अध्यक्षज्यूको अनुमतिमा)**

सन नेपाल लाइफ इन्स्योरेन्स क. लि.
कर्पोरेट कार्यालय
काठमाडौं

४. **सभामा उपस्थिति :**

**(क) सञ्चालकहरुको उपस्थिति**

| | |
|---|---|
| (१) श्री अनुज क्याल | अध्यक्ष |
| (२) श्री ससांक अग्रवाल | सञ्चालक |
| (३) श्री किरण के.सी | सञ्चालक |
| (४) श्री नारायण रुगटा | सञ्चालक |
| (५) श्री नीतु कयाल | स्वतन्त्र सञ्चालक |

**(ख) पदाधिकारीहरु तथा आमन्त्रितहरु उपस्थिति :**

**पदाधिकारीहरु :**

| | |
|---|---|
| (१) श्री राज कुमार अर्याल | प्रमुख कार्यकारी अधिकृत |
| (२) अधिवक्ता श्री विनोद शर्मा पौडेल | कम्पनी सचिव |
| (३) सी.ए.श्री रन्जु लम्साल | प्रमुख, वित्त विभाग |
| (४) श्री तुलसी नाथ पौड्याल | प्रमुख, कोशी प्रदेश |
| (५) श्री नवराज चौधरी | प्रमुख, मधेश प्रदेश |
| (६) श्री चुडामणि सुवेदी | प्रमुख, बाग्मती प्रदेश |
| (७) श्री बाबु राम पौडेल | प्रमुख, गण्डकी प्रदेश |
| (८) श्री गोविन्द ढकाल | प्रमुख, कर्णाली प्रदेश |
| (९) श्री लक्ष्मीकान्त जैशी | प्रमुख, सुदुरपश्चिम प्रदेश |

**आमन्त्रितहरु :**

| | |
|---|---|
| (१) अधिवक्ता श्री राधाकृष्ण पाठक | प्रमुख निर्वाचन अधिकृत |
| (२) अधिवक्ता श्री जनार्दन बन्जाडे | निर्वाचन अधिकृत |
| (३) अधिवक्ता श्री उद्धव कार्की | निर्वाचन अधिकृत |
| (४) श्री.सत्य नारायण क्याल | संस्थापक अध्यक्ष |
| (५) श्री निरन्जन प्रसाद टिवरेवाला | विज्ञ |

नेपाल लाइफ इन्स्योरेन्स कं. लि. कर्पोरेट कार्यालय काठमाडौं

५.   **सभाको गणपूरक संख्या :**

| शेयर तथा शेयरधनी | जम्मा शेयर | स्वयं उपस्थित | प्रतिनिधि मार्फत | जम्मा उपस्थित | कुल प्रतिनिधित्व (प्रतिशतमा) |
|---|---|---|---|---|---|
| **शेयर** | ३२,०००,००० | १०,२२७,१९६ | ६,९४१,४१२ | १७,१६८,६०८ | **५३.६५** |
| **शेयरधनी** | ५२४,०५८ | ६९९ | ३१५ | १,०१४ | **०.१९** |

६.   **सभाको बैधानिकता :**

कम्पनीको ७ औ बार्षिक साधारण सभामा संचालक, संस्थापक शेयरधनी, अन्य शेयरधनीहरुको समेत स्वयं सहभागी शेयरधनीहरु ६९९ जना र ३१५ जना प्रतिनिधि मार्फत समेत गरी कुल १,०१४ जना शेयरधनीहरु र कुल ३२,०००,००० कित्ता शेयर मध्ये १७,१६८,६०८ कित्ता शेयरको प्रतिनिधित्व भएकोले कम्पनी ऐन २०६३ को दफा ७३ (२) तथा कम्पनीको नियमावलीको नियम २३ अनुसार ५० प्रतिशत भन्दा वढि प्रतिनिधित्व भई गणपुरक संख्या पुगेकोले कम्पनी सचिवज्यूबाट कम्पनी ऐन २०६३ को दफा ६९ अनुसार सभाको संचालन वैधानिक भएको घोषणा गर्नु भयो ।

७.   **सभाको अध्यक्षता :**

सभाको वैधानिकता पुरा भए पश्चात कम्पनी ऐन, २०६३ को दफा ७४ (१) र कम्पनीको नियमावली नियम १९ अनुसार यस कम्पनीका सञ्चालक समितिका अध्यक्ष श्री अनुज क्यालज्यूलाई सातौ बार्षिक साधारण सभाको अध्यक्षता गरिदिनुहुन कम्पनी सचिवले आग्रह गर्नु भए पश्चात कम्पनीका अध्यक्षज्यूले सभाको अध्यक्षता गर्नुभयो । साथै मञ्चमा आसिन सञ्चालक समितिका अन्य सञ्चालकज्यूहरु, पर्यवेक्षक तथा आमन्त्रित, कम्पनीका पदाधिकारीहरु सवैलाई आ-आफ्नो स्थानमा आसन ग्रहण गरिदिनुहुन कम्पनी सचिवले अनुरोध गर्नुभयो ।

८.   **सभाको उद्घाटन तथा सञ्चालन :**

सञ्चालक समितिका अध्यक्षज्यूले कम्पनीको सातौ बार्षिक साधारण सभाको अध्यक्षता ग्रहण गरेपश्चात कार्य तालिका अनुसार कम्पनी सचिवको अनुरोधमा सभाको अध्यक्षज्यूले पानसमा दीप प्रज्वलन गरी सभाको समुद्घाटन गर्नुभयो ।

समुद्घाटन कार्यक्रम पश्चात कम्पनीका स्वतन्त्र सञ्चालक श्री नीतु कयालज्यूले सभामा उपस्थित महानुभावहरुलाई स्वागत मन्तब्य सहित हालसम्मको कम्पनीको उपलब्धीहरु, चुनौति तथा कार्यक्रमहरु वारे सभा समक्ष जानकारी गराउनु भयो ।

९. **सञ्चालक समितिको बार्षिक प्रतिवेदनको प्रस्तुती :**

सभाको काम कारवाही अगाडी वढाउने क्रममा सभाका अध्यक्षज्यूले आफ्नो मन्तब्य सहित सञ्चालक समितिको बार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नुभयो ।

सभाका अध्यक्षज्यूको अनुमतिले कम्पनीका कम्पनी सचिवज्यूले साधारण सभामा छलफलको बिषयसूचि अन्तर्गत सामान्य र विशेष प्रस्तावहरु प्रस्तुत गरी सञ्चालक समितिको सातौ बार्षिक प्रतिवेदन, लेखापरिक्षकको प्रतिवेदन सहितको यस कम्पनी तथा सहायक कम्पनी सनलाइफ क्यापिटल लिमिटेड सहितको एकीकृत २०८० अषाढ मसान्तसम्मको वासलात, आ.व. २०७९/८० को नाफा नोक्सान हिसाब, नगद प्रवाहको विवरण तथा अनुसूचिहरु लगायतका अन्य वित्तिय विवरणहरु र एजेण्डाहरु माथि छलफल गरी पारित गर्नका लागि आ-आफ्नो विचार, जिज्ञासा, मन्तब्य, सुझाव, एवं प्रश्न राख्न तथा छलफल गर्न इच्छुक शेयरधनी महानुभावहरुलाई आव्हान गर्नु भयो ।

१०. **छलफलमा सहभागी हुनु हुने शेयरधनी महानुभावहरु र वहाँहरुका जिज्ञासा तथा सुझावहरु माग गर्दा देहाय बमोजिमका शेयरधनीहरुले तपशील बमोजिमका जिज्ञासा तथा सुझावहरु सभा समक्ष राख्नु भयो ।**

(क) **छलफलमा सहभागी शेयरधनी महानुभावहरु :**

(१) श्री इन्द्र कृष्ण श्रेष्ठ
(२) श्री गुण राज भट्ट
(३) श्री ब्रम देव शाक्य
(४) श्री वैजु नाथ रौनियार
(५) श्री डमरु बलभ घिमिरे
(६) श्री व्यास कुमार शर्मा
(७) श्री उद्धव प्रसाद घिमिरे
(८) श्री ध्रुवराज न्यौपाने
(९) श्री चन्द्र नाराणय श्रेष्ठ
(१०) श्री लक्ष्मण बहादुर श्रेष्ठ
(११) श्री निरुपमा गुप्ता

सन नेपाल लाइफ इन्स्योरेन्स क. लि.
कर्पोरेट कार्यालय
काठमाडौं

**(ख) शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएको जिज्ञाशा एवंम् सुझावहरुको साराशं :**

- कम्पनीले सार्वजनिक निष्काशन पछिको प्रथम साधारण सभामा नै २३.८० प्रतिशत बोनस तथा कर प्रयोजनका लागि १.२५२६ प्रतिशत नगद लाभाशंका साथै नेपाल बीमा प्राधिकरणको व्यवस्था बमोजिम ५ अर्ब चुँक्ता पूँजी पुऱ्याउने प्रयोजनका लागि बोनश शेयर पश्चात् कायम हुने चुक्ता पूँजीको २७ प्रतिशत हकप्रद शेयर प्रस्ताव गरेकोमा कम्पनीका अध्यक्षज्यू, संचालकज्यूहरु, प्रमुख कार्यकारी अधिकृतज्यू, कम्पनी सचिवज्यू, व्यवस्थापन समूह तथा कर्मचारीहरु प्रति धन्यवाद तथा बधाई व्यक्त गर्नुभयो । साथै धेरै कम्पनीहरु नेपाल बीमा प्राधिकरणको नियामकीय चुँक्ता पूँजी व्यवस्था गर्न मर्जरमा गईरहेको अवस्थामा कम्पनीले आफ्नो वर्चश्व कायम गर्न सफल रहेकोमा कृतज्ञता व्यक्त गर्नुभयो ।

- कम्पनीको वित्तिय विवरणमा वासलातको आकार अघिल्लो वर्षभन्दा तुलनात्मक रुपमा वृद्धि भएको, कम्पनीका वित्तिय सुचांकहरुको अवस्था पनि राम्रो रहेकोमा उत्साह व्यक्त गर्दै आगामी वर्षहरुमा सो उत्साह कायम राख्न सुझाव दिनुभयो ।

- कम्पनीको कर्मचारी तथा प्रशासनिक खर्च अघिल्लो वर्षको तुलनामा कम रहेको , अभिकर्ता कर्जाहरु समयमा Recover भएको, बीमा संख्या तथा बीमाशुल्कमा उल्लेखनिय वृद्धि भएको, लगानीको विविधिकरणको अवस्था राम्रो रहेको, कम्पनीको Retention Ratio राम्रो रहेकोले कम्पनीको Risk Bearing Capacity राम्रो रहेको व्यहोरा व्यक्त गर्नुभयो ।

- कम्पनीको वार्षिक प्रतिवेदन प्रदान गर्न केही ढिलाई भएकोमा सोको कारण प्रति प्रश्न गर्नुभयो ।

- समस्त बीमा क्षेत्रमा नै पोलिसी समर्पणको संख्या उच्च रहेकोमा सो प्रति कम्पनीको ध्यानाकर्षण हुनुपर्ने, अभिकर्ता बीमा व्यवसायको मेरुदण्ड रहेकोमा, कम्पनीका अभिकर्ताहरुलाई MDRT को तहसम्म पुऱ्याउनपर्ने, अभिकर्ताको विकासमा ध्यान दिनुपर्ने, Customer Relation Management मा विषेश ध्यान दिनुपर्ने, कम्पनीले आफ्नै भवन बनाउन तर्फ ध्यान दिनुपर्ने, कम्पनीको Reserve को आकार अझै बढाउदै लग्नुपर्ने तथा बढि कर्मचारीहरु भर्ना गर्नुभन्दा हाल कायम रहेको कर्मचारीहरुलाई अझ बढि Incentive दिनुपर्ने जस्ता सुझावहरु दिनुभयो ।

- कम्पनीको हालको Solvency Ratio कम रहेकोमा आगामी वर्षहरुमा सोमा सुधार गर्न सुझाव दिनुभयो ।

- कम्पनीको प्रदेश नम्बर पाँचमा प्रदेश प्रमुख नहुनुको कारण के रहेको भनी प्रश्न गर्नुभयो ।

- कम्पनीको आगामी वर्षको साधारण सभा अन्य बीमा कम्पनीहरु भन्दा अगाडी गर्न सुझाव व्यक्त गर्नुभयो ।

- नेपाल बीमा प्राधिकरणले वित्तिय विवरण स्वीकृतीको क्रममा दिइएको सर्तहरु, आन्तरिक तथा वाहृय लेखापरिक्षकले औंल्याएका कैफियतहरु क्रमश सुधार गर्दै लग्न सुझाव दिनुभयो ।

सन नेपाल लाइफ इन्स्योरेन्स क. लि.
कर्पोरेट कार्यालय
काठमाडौं

**११. तत् पश्चात शेयरधनीहरुले राख्नु भएको जिज्ञासाहरुको जवाफ अध्यक्षज्यूको अनुमतिले प्रमुख कार्यकारी अधिकृतज्यूले निम्न बमोजिम दिनुभयो ।**

कम्पनीको सार्वजनिक निष्काशन पछिको प्रथम साधारणसभा भव्य र सभ्य तवरले संचालन गर्न सहयोग गर्नुभएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु प्रति कृतज्ञता व्यक्त गर्दै केही कमि कमजोरी रहेको भएमा आगामी दिनहरुमा सुधार गर्दै लैजाने कुरा व्यक्त गर्नुभयो । कम्पनीको वार्षिक प्रतिवेदनमा प्रिन्टिङ्गको क्रममा केही त्रुटि हुन गएकोले सो सच्याउने क्रममा ढिलाई हुन गएको तर कम्पनीको वार्षिक साधारण सभाको सुचना प्रकाशन गर्दाको बखत नै कम्पनीको संक्षिप्त वित्तिय विवरण प्रकाशन राष्ट्रिय दैनिक पत्रिकामा दुई पटक प्रकाशन गरी कम्पनीको Website मा समेत राखिएको व्यहोरा जानकारी गराउनुभयो । बीमालेख सर्मपण सम्वन्धमा कम्पनीले हरेक वर्ष आफ्नो Business Persistency चेक गरेको र समर्पण अनुपात Product Pricing को Assumption को सिमा भित्र रहेको कुरा प्रकाश पार्नुभयो । वित्तिय विवरणमा लुम्बिनी प्रदेश प्रमुख नरहेको प्रति कम्पनीको लुम्बिनी प्रदेशमा प्रदेश संरचना रहेको र सो प्रदेशको व्यवस्थापन कर्पोरेट कार्यलयबाट हुने गरेको व्यहोरा व्यक्त गर्नुभयो । कम्पनीको अभिकर्ताहरुलाई MDRT तहसम्म पुऱ्याउन मार्केटिङ्गका कर्मचारीहरु सो प्रति निकै नै अग्रसर भई लागेको, कम्पनीले संख्यात्मक भन्दा नि गुणस्तरीय व्यवसाय कायम गर्न अग्रसर रहेको व्यहोरा जानकारी गराउनुभयो । कम्पनीका कर्मचारी तथा अभिकर्तालाई व्यवसायको मुख्य आधार मानी कम्पनीको संरचना तथा नीतिहरु बनाइएको व्यहोरा व्यक्त गर्नुभयो । कम्पनीको Solvency Ratio कम भएको प्रश्नको जवाफमा कम्पनीको सो वर्षको मुल्याङ्कनको क्रममा कम्पनीले संस्थापक शेयरधनीहरुमा जारी गरेको हकप्रद शेयर तथा कम्पनीको सार्वजनिक निष्काशनबाट प्राप्त शेयर बापतको रकम आफ्नो चुँक्ता पूँजीमा कायम गर्न नपाएकोले सो अनुपात कम रहेको र सो शेयर बाफतको रकम सहित हेर्दा कम्पनीको Solvency Ratio कायम हुने जानकारी गराउनु भयो । शेयरधनी एवम् अन्य स्टेक होल्डरहरुको सहयोग, मार्गदर्शन, सुझाव आदीको कारणबाट कम्पनी आज यो स्थानमा रहन सफल भएको र सहयोग निरन्तर रहेमा अझ बढि प्रतिफल प्रदान गर्ने, लगानीमा विविधिकरण गर्दै जाने र जोखिमको राम्ररी विश्लेषण गरेर मात्र लगानी गरिने, समयभित्र बार्षिक साधारण सभा गर्ने, जोखिम व्यवस्थापनको लागि छुट्टै विभाग गठन गरी कार्य गरिरहेको र कर्मचारीहरुलाई आवश्यक तालिम प्रदान गर्दै आईरहेकोमा सो कार्यलाई निरन्तरता दिईने । नियमनकारी निकायहरु, आन्तरिक तथा बाह्य लेखा परिक्षकहरुले दिएका निर्देशन तथा कैफियतहरु सुधार गर्दै लगिने, बीमा सचेतना सम्वन्धी कार्यहरु निरन्तरत सञ्चालन गर्दै जाने जानकारी गराउँनुभयो ।

नेपाल लाइफ इन्स्योरेन्स कं. लि. कर्पोरेट कार्यालय काठमाडौं

जिज्ञासाहरुको जवाफ पश्चात सभा समक्ष देहाय बमोजिम निर्धारित प्रस्तावहरु निर्णयार्थ पेश गरिएको ।

१२. सभाको प्रस्ताव तथा निर्णयहरु

(क) साधारण प्रस्तावहरु :-

**प्रस्ताव नं. १) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आर्थिक बर्ष २०७९/८० को बार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।**

**निर्णय नं. १)** सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत गर्नुभएको आर्थिक बर्ष २०७९/८० को बार्षिक प्रतिवेदन उपर छलफल गरि सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २) लेखापरिक्षकको प्रतिवेदन सहितको आर्थिक बर्ष २०७९/८० (NFRS बमोजिम) को वासलात, नाफा नोक्सान हिसाब, इक्विटीमा भएको परिवर्तन तथा नगद प्रवाह विवरण र सो सँग सम्वन्धित अनुसूचिहरु सहितको वित्तिय विवरण छलफल गरी पारित गर्ने सम्वन्धमा ।**

**निर्णय नं. (२)** लेखापरिक्षकको प्रतिवेदन सहितको आर्थिक बर्ष २०७९/८० (NFRS बमोजिम) को वासलात, नाफा नोक्सान हिसाब, इक्विटीमा भएको परिवर्तन तथा नगद प्रवाह विवरण र सो सँग सम्वन्धित अनुसूचिहरु सहितको वित्तिय विवरण छलफल गरी सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.३) यस कम्पनीको सहायक कम्पनी सनलाइफ क्यापिटल लिमिटेडको आर्थिक बर्ष २०७९/०८० को वित्तिय विवरणहरु सहितको एकीकृत वित्तिय विवरण छलफल गरी पारित गर्ने सम्वन्धमा ।**

**निर्णय नं. ३)** यस कम्पनीको सहायक कम्पनी सनलाइफ क्यापिटल लिमिटेडको आर्थिक बर्ष २०७९/०८० को वित्तिय विवरणहरु सहितको एकीकृत वित्तिय विवरण छलफल गरी सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.४) कम्पनीको आर्थिक बर्ष २०७९/८० को वितरणयोग्य मुनाफाबाट हाल कायम रहेको चुक्ता पूँजी रकम रु.३,२०,००,००,०००।- (अक्षरुपी तीन अर्ब बीस करोड) को २३.८० प्रतिशतले हुन आउने रकम रु.७६,१६,००,०००।- (अक्षरुपी छयहत्तर करोड सोह्र लाख मात्र) बराबरको बोनश शेयर जारी गर्ने विशेष प्रस्ताव यसै साधारण सभामा पेश गरिएको हुँदा उक्त (वोनस शेयर तथा नगद लाभाशंमा लाग्ने कर सहित) प्रयोजनार्थ १.२५२६ प्रतिशतले हुन आउने रकम रु.४,००,८४,२१०।- (अक्षरुपी चार करोड चौरासी हजार दुई सय दश मात्र) नगद लाभाँस वितरण गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।**

सन नेपाल लाइफ इन्स्योरेन्स क. लि.
कर्पोरेट कार्यालय
काठमाडौं

**निर्णय नं. ४)** कम्पनीको आर्थिक बर्ष २०७९/८० को वितरणयोग्य मुनाफाबाट हाल कायम रहेको चुक्ता पूँजी रकम रु.३,२०,००,००,०००।- (अक्षरुपी तीन अर्ब बीस करोड) को २३.८० प्रतिशतले हुन आउने रकम रु.७६,१६,००,०००।- (अक्षरुपी छयहत्तर करोड सोह्र लाख मात्र) बराबरको बोनश शेयर जारी गर्ने विशेष प्रस्ताव यसै साधारण सभामा पेश गरिएको हुँदा उक्त (बोनस शेयर तथा नगद लाभाशंमा लाग्ने कर सहित) प्रयोजनार्थ १.२५२६ प्रतिशतले हुन आउने रकम रु.४,००,८४,२१०।- (अक्षरुपी चार करोड चौरासी हजार दुई सय दश मात्र) नगद लाभाँस वितरण गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

**प्रस्ताव नं.५) सर्वसाधारण शेयरधनी समूहबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने १ (एक) जना सञ्चालकको निर्वाचन गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ५)** सर्वसाधारण शेयरधनी समूहबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने १ (एक) जना सञ्चालकको निर्वाचन गराउन अधिवक्ता श्री राधाकृष्ण पाठकज्यूलाई प्रमुख निर्वाचन अधिकृत नियुक्त गरिएकोमा प्रमुख निर्वाचन अधिकृतले सर्वसाधारण शेयरधनी समूहबाट कम्पनीको नियमावलीको नियम २७ को उपनियम (२) बमोजिम १ (एक) जना सञ्चालक समिति सदस्य पदको लागि निर्वाचन निर्देशिका अनुरुप रितपूर्वक प्रक्रिया पुर्याई निर्वाचन कार्यक्रम सम्पन्न गरेको सभामा जानकारी गराउनु भयो । यसरी सर्वसाधारण समूहको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने १ (एक) जना सञ्चालक सदस्यको लागि १ (एक) जनाको मात्र मनोनयन पर्न आएको र उक्त मनोनयन उपर कुनै दावी विरोध नपरेकोले सर्वसाधारण शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्न श्री स्नेहा शर्माज्यू निर्विरोध रुपमा सञ्चालकमा निर्वाचित भएको व्यहोरा निर्वाचन अधिकृतले घोषणा गर्नुभयो र नव निर्वाचित सञ्चालकज्यूलाई हार्दिक बधाईका साथ सफल कार्यकालको शुभकामना समेत दिनु भयो ।

**प्रस्ताव नं. ६) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक बर्ष २०८०/८१ को लागि लेखापरिक्षण समितिबाट सिफारिस भई आए बमोजिम बाहय लेखापरिक्षकको नियुक्ती गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ६)** कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक बर्ष २०८०/८१ को लागि लेखापरिक्षण समितिबाट सिफारिस भई आए बमोजिम बाहय लेखापरिक्षकको नियुक्ती गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा छलफल गर्दा आर्थिक बर्ष २०८०/८१ को लेखापरिक्षण गर्न वर्तमान लेखापरिक्षक श्री के.पी. आर एसोसियट्स चाटर्ड एकाउण्टेण्टलाई मुल्य अभिबृद्धि कर बाहेक रु. ५,००,०००।- (अक्षरुपी : पाच लाख मात्र) पारिश्रमिक भुक्तानी गर्ने गरी आर्थिक बर्ष २०८०/८१ का लागि लेखापरिक्षकको रुपमा पुनर्नियुक्ति गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

नेपाल लाइफ इन्स्योरेन्स कं. लि.
कर्पोरेट कार्यालय
काठमाडौं

(ख) विशेष प्रस्तावः

**प्रस्ताव नं. १) आर्थिक बर्ष २०७९/८० सम्मको वितरणयोग्य मुनाफाबाट यस कम्पनीको चुक्ता पूँजी रकम रु.३,२०,००,००,०००/-(अक्षरुपी तीन अर्ब बीस करोड) को २३.८० प्रतिशतले हुन आउने रकम रु.७६,१६,००,०००/- (अक्षरुपी छयहत्तर करोड सोह्र लाख मात्र) बराबरको बोनश शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने सम्वन्धमा ।**

निर्णय नं. १) आर्थिक बर्ष २०७९/८० सम्मको वितरणयोग्य मुनाफाबाट यस कम्पनीको चुक्ता पूँजी रकम रु.३,२०,००,००,०००/-(अक्षरुपी तीन अर्ब बीस करोड) को २३.८० प्रतिशतले हुन आउने रकम रु.७६,१६,००,०००/- (अक्षरुपी छयहत्तर करोड सोह्र लाख मात्र) बराबरको बोनश शेयर जारी गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

**प्रस्ताव नं. २) प्रस्ताव नम्बर १ बमोजिम बोनस शेयर जारी गर्दा चुक्ता पूँजी रु.३,९६,१६,००,०००।- (अक्षरुपी. तीन अर्ब छयानब्बे करोड सोह्र लाख मात्र) कायम हुने र नपुग पूँजी कायम गर्न उक्त पूँजीको २७ प्रतिशत अर्थात (१:०.२७) को अनुपातमा हकप्रद शेयर जारी गर्ने सम्वन्धमा ।**

निर्णय नं. २) प्रस्ताव नम्बर १ बमोजिम बोनस शेयर जारी गर्दा चुक्ता पूँजी रु.३,९६,१६,००,०००।- (अक्षरुपी. तीन अर्ब छयानब्बे करोड सोह्र लाख मात्र) कायम हुने र नपुग पूँजी कायम गर्न उक्त पूँजीको २७ प्रतिशत अर्थात (१:०.२७) को अनुपातमा हकप्रद शेयर जारी गर्ने । साथै हकप्रद शेयर जारी गर्दा खण्डित शेयरको अवस्था उत्पन्न हुन सक्ने हुँदा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा १२ को उपदफा (७) मा उल्लेखित "कम्पनीको हकप्रद शेयर वापतको शेयर खण्डित हुने भएमा खण्डित शेयरलाई पूर्ण कित्ताको रुपमा नपुग रकम समेत लिई दरखास्त लिने र त्यसो गर्दा कम्पनीको पूँजी संरचना परिवर्तन हुने अवस्था आएमा कम्पनीको प्रबन्धपत्र, नियमावलीमा आवश्यक संशोधन गरी थप धितोपत्र बोर्डमा दर्ता गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

**प्रस्ताव नं. ३) उल्लेखित वोनस शेयर वितरण र हकप्रद शेयर निश्कासन पश्चात अधिकृत, जारी तथा चुक्ता पूँजी बृद्धि गर्न स्वीकृती गर्ने सम्वन्धमा ।**

निर्णय नं. ३) उल्लेखित वोनस शेयर वितरण र हकप्रद शेयर निश्कासन पश्चात अधिकृत, जारी तथा चुक्ता पूँजी बृद्धि गर्न स्वीकृती गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

**प्रस्ताव नं. ४) कम्पनीको प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन गर्ने तथा नियमनकारी निकायबाट प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन तथा प्राप्त हुने निर्देशन कार्यान्वयन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने सम्वन्धमा ।**

कर्पोरेट कार्यालय
काठमाडौं

**<u>निर्णय नं. ४)</u>** कम्पनीको प्रबन्ध पत्र तथा नियमावलीमा देहाय बमोजिम संशोधन गर्ने तथा नियमनकारी निकायबाट प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन तथा प्राप्त हुने निर्देशन कार्यान्वयन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

**देहाय :**

**प्रवन्धपत्रमा भएको संसोधन तथा थप**

दफा (४) १ को खण्ड (ट) थप : कम्पनीले प्रचलित कानुन बमोजिम सामुहिक लगानी कोष स्थापना गरी कोष प्रबर्द्धक भई सामुहिक लगानी कोष सञ्चालन गर्ने ।

दफा (६) (क) यस कम्पनीको अधिकृत पूँजी रु. ६,००,००,००,०००।-(अक्षरुपी छ अर्ब) हुनेछ । जुन प्रति शेयर रु. १००।- को दरले ६०,०००,०००।- साधारण शेयरहरुमा विभाजन गरिएको छ ।

दफा (६) (ख) कम्पनीको हाल जारी पूँजी रु. ५,०३,१२,३२,०००।-(अक्षरुपी : पाँच अर्ब तिन करोड बाह्र लाख बत्तिस हजार) हुनेछ । जुन प्रति शेयर रु. १००।- को दरले ५,०३,१२,३२०।- साधारण शेयरहरुमा विभाजन गरिएको छ ।

दफा (६) (ग) कम्पनीको तत्काल चुँक्ता पूँजी रु. ५,०३,१२,३२,०००।- (अक्षरुपी : पाँच अर्ब तिन करोड बाह्र लाख बत्तिस हजार) हुनेछ । जुन प्रति शेयर रु. १००।- को दरले ५,०३,१२,३२०।- साधारण शेयरहरुमा विभाजन गरिएको छ ।

**नियमावलीमा भएको संशोधन तथा थप**

नियम २४ (१) मा थप : तर यसरी नियुक्त गर्दा कम्पनीको शेयरधनी बाहेक अरु व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न पाईने छैन ।

**<u>(ग) बिबिध (अध्यक्षज्यूको अनुमतिमा)</u>**

यस साधारण सभामा पारित भएका निर्णय प्रमाणित गर्न कम्पनी ऐन, २०६३ को दफा ७५ (१) ले सभाको अध्यक्ष एव्म, कम्पनी सचिवले साधारण सभाको निर्णय पुस्तिका (माइन्युट) प्रमाणित गर्ने व्यहोरा अवगत गराइएको थियो ।

नेपाल लाइफ इन्स्योरेन्स क. लि.
कर्पोरेट कार्यालय
काठमाडौं

१३. **धन्यवाद ज्ञापन तथा सभाको विसर्जन :**

अन्त्यमा, सञ्चालक श्री किरण के.सी.ज्यूले साधारण सभामा उपस्थित भई आफ्नो अमुल्य राय, सल्लाह, मन्तब्य व्यक्त गरी सभा सम्पन्न गर्न सहयोग पुर्याउनुहुने शेयरधनी महानुभावहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्नुभयो । यस कम्पनीको समूह "ख" सर्वसाधारण शेयरधनी समूहबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्न श्री स्नेहा शर्माज्यू निबिरोध निर्वाचित हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफलतापूर्वक निर्वाचन कार्य सम्पन्न गर्नुभएकोमा प्रमुख निर्वाचन अधिकृत अधिवक्ता श्री राधाकृष्ण पाठकज्यू एवम निर्वाचन अधिकृत अधिवक्ताद्वय श्री जनार्दन बन्जाडेज्यू र उद्धव कार्कीज्यूलाई हार्दिक धन्यवाद प्रकट गर्नुभयो । साथै कम्पनीको सुसंचालन र प्रगतिमा मार्ग निर्देशन दिनुहने नियमनकारी निकायहरु तथा कम्पनीको प्रगतिमा सदा सहयोग र सद्भाव राख्नुहुने अभिकर्ताहरु, ग्राहकवर्ग, पत्रकार मित्रहरु, शेयरधनी महानुभावहरु, कम्पनीका लगनशिल कर्मचारीवर्ग, अन्य शुभेच्छुक तथा साधारण सभा व्यवस्थापनको जिम्मेवारी लिनुहने कसमस एड्भरटाईजिङ्ग एण्ड मिडिया प्रा.लि.का श्री सम्भु अधिकारीज्यू, साधारण सभा आयोजना गर्ने स्थान उपलब्ध सहयोग पुऱ्याउनु हुने यस अमृतभोग केटरर्स प्रा.लि. को व्यवस्थापन सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो । यस बार्षिक साधारण सभामा छलफल गरी पारित गर्नुपर्ने अन्य विषय बाँकी नभएकोले अध्यक्षज्यूको अनुमति लिई कम्पनी सचिवज्यूले दिउसो १२.५० बजे सभा विसर्जन भएको घोषणा गर्नु भयो ।








**(बिनोद शर्मा पौडेल)**
**कम्पनी सचिव**

**(अनुज क्याल)**
**अध्यक्ष**
**संचालक समिति**